नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०७७।७८ मिति २०७८।०३।१४

## कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी चक्र पाणी पाण्डेबाट जारी आदेश :-

कोभिड-१९ संक्रमणको अवस्था अझै कायम रहेकोले सो को रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन मिति २०७८।०३।१४ गते सोमबार राती १२: ०० बजे सम्मको लागि निषेध आदेश जारी गरिएकोमा जिल्ला कोभिड व्यवस्थापन समिति र जिल्ला सुरक्षा समितिको मिति २०७८।०३।१४ गतेको बैठकको निर्णय समेतको आधारमा "कोभिड -१९ संकट व्यवस्थापन अध्यादेश, २०७८" को दफा (४) तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७८।०३।२१ गते सोमबार राती १२: ०० बजे सम्मका लागि निम्नानुसारको आदेश जारी गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

(क) गर्न नपाइने वा निषेध गरिएका सेवाहरु:

१. कुनै पनि मेला, हाटबजार, महोत्सव, जात्रा संचालन गर्न, मानिसहरु पाँच जना भन्दा बढी भेला/जम्मा हुन, भिडभाड गर्न ।

२. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, पार्टी प्यालेस, मनोरञ्जन स्थल, स्वीमिङ्ग पुल, जिमखाना, समुहमा खेल्ने खेलकुद, कवर्डहल, पुस्तकालय, संग्रहालय आदि संचालन गर्न ।

३. चिया पसल, खाजा घर, होटल, रेष्टुरेन्ट, पान पसल, शैलुन र व्युटीपार्लर खोल्न नपाईने तर होटल तथा रेष्टुरेन्टले बिहान ९ : ०० बजे देखि बेलुका ६: ०० बजेसम्म टेक अवे र होम डेलिभरी सेवा मात्र उपलब्ध गराउन सक्ने ।

४. परम्परागत रुपमा भई आएको नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु संचालन तथा जमघट गर्न ।

५. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, ट्यूशन सेन्टर, लगायतका जमघट हुने गतिविधिहरु नेपाल सरकारको निर्णयानुसार संचालन हुने ।

६. अन्तर्राष्ट्रिय स्थलगत सीमा नाका कृष्णनगर बाहेक अन्यत्रबाट यात्रु आवतजावत गर्न ।

(ख) स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर संचालन गर्न पाउने सेवाहरु:

१. अत्यावश्यक वस्तु वा सेवा, औषधी, बिउ, विजन, एग्रोभेट र पानी बिक्री वितरण गर्ने पसल/व्यवसाय संचालन गर्न ।

२. खाद्यवस्तु, ग्याँस, पेट्रोलियम पदार्थ, दुध र दुधजन्य पदार्थ, फलफूल, तरकारी, माछा/मासु, कृषि औजार बिक्री वितरण गर्ने सहकारी तथा पसलहरु, स्टेशनरी, पुस्तक पसल, कपडा, फेन्सी, जुत्ता पसल, किराना तथा होलसेल पसल, कोल्ड ड्रिंक्स/मदिरा पसल (खरिद गरी लैजान मात्र), हार्डवेयर, मर्मत केन्द्र र प्रकरण (क) मा उल्लिखित बाहेक पसल/व्यवसाय विहान ९:०० बजे देखि बेलुका ६:०० बजेसम्म मात्र खोल्न सकिने । माक्सको प्रयोगलाई अनिवार्य गर्ने, दुई मिटरको भौतिक दुरी कायम गर्ने, स्यानिटाइजर वा साबुन पानीले हात धुने व्यवस्था गर्ने, भिडभाड गरे / गराएमा तथा स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगराएमा पसल/ व्यवसाय / सञ्चालकलाई कानून बमोजिम कारवाही गरिने ।

३. जिल्लास्थित सबै सरकारी कार्यालय/ सार्वजनिक निकाय/ संस्था, बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाहरुले सेवाग्राहीको भिडभाड नहुने गरी कार्यालय प्रमुखले सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

४. जिल्लाभित्र निजी सवारी साधन सञ्चालन गर्न सकिने र सार्वजनिक यातायातका सवारी साधनहरु सीट क्षमता भन्दा बढी यात्रु नराख्ने गरी बिहान ९:०० बजे देखि बेलुका ६:०० बजे सम्म सञ्चालन गर्न सकिने । सवारी चालक, सहचालकले अनिवार्य रुपमा मास्क लगाउने, स्यानिटाइजरको व्यवस्था गर्ने । मास्क नलगाउने यात्रुलाई यात्रा गर्न नदिने । यसको अनुगमन ट्राफिक प्रहरीले गर्ने र पालना नगरेको पाइएमा कारवाही गरिने ।

५. कृष्णनगर नाकाबाट प्रवेश गर्ने यात्रुहरुलाई नेपाल प्रहरीले यातायात व्यवसायीसँग समन्वय गरी गाडी नम्बर र यात्रुको नाम तथा संख्या समेत उल्लेख गरी गन्तव्य सम्म पुर्याउने व्यवस्था मिलाउने ।

६. विवाह, व्रतबन्ध, पास्नी, न्वारन वा अन्य संस्कारका लागि बढीमा १५ जनासम्म स्वास्थ्य मापदण्डको पालना गर्ने गरी नजिकको प्रहरी इकाईसँग समन्वय गरी आफ्नै निवासमा सम्पन्न गर्न सकिने । विवाहका लागि बढीमा २ वटा साना गाडी वा १ वटा ठूलो गाडीमा जम्मा १५ जना संख्या नबढ्ने गरी शुभ विवाहको ब्यानर राखी विवाहका लागि जाँन आउन सकिने ।

७. यस आदेशको उलङ्घन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधी-औषधीजन्य सामग्री, अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरु उपर कानूनबमोजिम कारवाही हुनेछ । सम्बन्धित उद्योग तथा वाणिज्य संघले आपूर्ति व्यवस्थालाई सहज बनाउने ।

८. माथि उल्लिखित सेवाहरु संचालन गर्दा वा सेवा लिन जाँदा अनिवार्य रुपमा मास्क लगाउने, दुई मिटरको सामाजिक / भौतिक दुरी कायम गर्नुपर्नेछ । साथै नेपाल सरकार मन्त्रिपरिषद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नु/गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ । सोको पालना नभएमा उल्लिखित कानून बमोजिम कारवाही हुनेछ । कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा २१ मा भएको व्यवस्था :-

२१. जरिवाना गर्न सक्ने

(१) यस अध्यादेश बमोजिम दिइएको आदेश उल्लङ्घन गरेमा प्रमुख जिल्ला अधिकारीले तत्काल देहायबमोजिम जरिवाना गर्न सक्नेछ ।

(क) कुनै व्यक्तिले उल्लङ्घन गरेकोमा १ लाख रुपैया सम्म,

(ख) कुनै संस्थाले उल्लङ्घन गरेकोमा ५ लाख रुपैया सम्म,

(२) कसैले देहाय बमोजिमको कार्य गरे गराएमा सुरक्षाकर्मीले देहायबमोजिम तत्काल जरिवाना गर्नेछ :

(क) मास्क नलगाई सार्वजनिक स्थलमा आवतजावत गरेमा पटकैपिच्छे एक सय रुपैयाँ,

(ख) मानिसको आवतजावतमा रोक लगाइएको वा नियन्त्रण गरिएको अवस्थामा सोको उल्लङ्घन गर्नेलाई पटकैपिच्छे दुई सय रुपैयाँ,

(ग) सवारी साधनको आवतजावतमा रोक लगाएको अवस्थामा सम्बन्धित अधिकारीको अनुमतिविना वा सुरक्षाकर्मीलाई सूचना नदिई वा बिरामी ओसार सपार गर्ने अवस्थामा बाहेक सवारी साधन चलाएमा पटकै पिच्छे दुई पाङ्ग्रे सवारी साधन भए दुई हजार रुपैयाँ र अन्य सवारी साधन भए पाँच हजार रुपैयाँ ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको सवारी साधन सुरक्षाकर्मीले निश्चित समय सम्म नियन्त्रणमा लिनेछ ।

९. यस निषेध आदेश पालनाको लागि सर्वसाधारण, स्थानीय तहहरु, राजनीतिक दलहरु तथा अन्य सम्बन्धित सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै जिल्लाका सबै सञ्चारमाध्यमहरुले प्रचारप्रसार गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी